# थपिए १३५६ कोरोना संक्रमित




*पोखरास्थित यातायात व्यवस्था कार्यालयमा सेवाग्राहीको भीड । कोरोना संक्रमणबाट जोगिन भौतिक दूरी कायम गरिएको देखिदैन तस्बिर : कृष्ण दवाडी/रासस*

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ असोज

नेपालमा पछिल्लो २४ घण्टामा थप एक हजार ३५६ जनामा कोभिड-१९ (कोरोना भाइरस) का संक्रमित भेटिएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार गत २४ घण्टामा देशभर ११ हजार १५४ जनाको पिसीआर परीक्षण भएकामा एक हजार ३५६ जनामा कोरोना पुष्टि भएको हो । योसँगै हालसम्म देशभर कोरोना संक्रमितको कूल संख्या ६६ हजार ६३२ पुगेको मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतमले नियमित पत्रकार सम्मेलनका क्रममा जानकारी दिए ।

पछिल्लो २४ घण्टामा काठमाडौं उपत्यकामा थप ६४७ जना कोरोनाका संक्रमित भेटिएका छन् । उनीहरुमध्ये काठमाडौंमा ५११, ललितपुरमा ७३ र भक्तपुरमा ६३ जना रहेका छन् । प्रवक्ता डा गौतमका अनुसार आज देशभर सक्रिय संक्रमितको संख्या १८ हजार १४२ रहेको छ । संस्थागत आइसोलेशनमा नौ हजार १९३ र होम आइसोलेशनमा आठ हजार ९४९ जना रहेका छन् ।

पछिल्लो २४ घण्टामा कोरोना संक्रमण मुक्त भएर ८२३ जना घर फर्किएका छन् । हालसम्म कोरोना संक्रमण मुक्त भएर घर फर्किनेको संख्या ४८ हजार ६१ जना रहेको छ । नेपालमा कोरोना संक्रमण मुक्त हुने दर ७२ प्रतिशत छ । देशभरका क्वारेन्टिनमा सात हजार १७१ छन् । त्यस्तै आइसियुमा उपचाररत २२३ जना र भेन्टिलेटरमा ३७ जना उपचाररत छन् ।

पाँच सयभन्दा बढी सक्रिय संक्रमित रहेका जिल्लामा मोरङ, सिराहा, काठमाडौं, ललितपुर, भक्तपुर, मकवानपुर र नवलपरासी रहेका छन् । संक्रमित शून्य भएका जिल्लामा म्याग्दी, सोलुखुम्बु, ताप्लेजुङ, मुस्ताङ, डोल्पा र हुम्ला रहेको मन्त्रालयले जनाएको छ ।

गत २४ घण्टामा नेपालमा थप दुई जनाको मृत्यु भएको छ । स्वास्थ्य मन्त्रालयका अनुसार १ महिला र १ पुरुषको मृत्यु भएको हो । मृत्यु हुनेमा काठमाडौंमा ५० वर्षिय पुरुष र काभ्रेपलाञ्चोकमा ५० वर्षिया महिला रहेका छन् । मंगलबारसम्म कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ४ सय ४९ पुगेके छ ।

# समाजसेवाका नाममा कति त्याग गर्‍यौं त्यो ठूलो कुरा हो : प्रधानमन्त्री



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले समाजसेवाका नाममा हामीले के कति त्याग गर्‍यौं, त्यो महत्वपूर्ण कुरा हुने बताएका छन् ।

४१ औं सामाजिक सेवा दिवस मूल समारोह समितले मंगलबार आयोजना गरेको भर्चुअल कार्यक्रममा प्रधानमन्त्री ओलीले परोपकारी संस्थाले समाजमा निःस्वार्थ रुपमा सेवा गर्नुपर्ने बताए । उनले मानवीय भावनाले मनैदेखि सहयोग गर्ने सोचका साथ सहयोग गर्नुपर्ने बताए । उनले भने, 'सच्चा समाजसेवी आफूले केही पनि लिँदैनन्, अरुको सेवा गर्छन्, समाजसेवाका नाममा हामीले के कति त्याग गर्‍यौं, त्यो महत्वपूर्ण कुरा हो । गैरसरकारी, सरकारी संस्थाले मात्र होइन, व्यक्तिले पनि बिल्कुल मानवीय भावनाले आफूले सक्दो सहयोग गर्नुपर्छ ।' उनले समाजमा गरीबी हटाउने, मौलिक हक व्यवस्थापन गर्ने काम सरकारको भएको तथा कहिलेकाहीँ सरकारको ध्यान नपुगेको र सामर्थ्यले धान्न नसकेका अवस्थामा सामाजिक संस्थाले गरेका काम महत्वपूर्ण भएको स्पष्ट पारे ।

प्रधानमन्त्रीले केही दिऊँ भन्ने र सहयोगात्मक भावनाको विकास गर्ने तथा त्यस्ता सहयोगी संस्थाको संयोजन र परिचालन परिषद्ले गर्नुपर्ने बताए ।

कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री पार्वत गुरुङले सरकारी तथा गैरसरकारी संस्थाले गलत काम गरे भन्ने गुनासो बढेकाले पञ्चायतकालीन ऐनलाई विघटन गर्दै एकीकृत ऐन ल्याउने तयारी भएको बताए । परिषद्का सदस्य डा.मणिराम बञ्जाडेले कोरोना भाइरसको सङ्क्रमणको रोकथामका लागि गैरसरकारी संस्थाले रु दुई अर्ब सहयोग गरेको बताए । यस वर्ष 'आजको प्राथमिकताः समृद्धि र सुखका लागि सामाजिक रुपान्तरण र उद्यमशीलता भन्ने नाराका साथ समाजसेवा दिवस मनाइएको छ ।

# गुल्मी कांग्रेसको आन्दोलन स्थगित

**सुमन महतारा गुल्मी/मध्यान्ह**
गुल्मी, ६ असोज

नेपाली कांग्रेस गुल्मीले आफ्ना कार्यकर्ता कुटपिटमा संलग्नलाई कानुन अनुसार कारवाही गर्न जिल्ला प्रशासन कार्यालय सहमत भएपछि आन्दोलनको कार्यक्रम स्थगित गरेको छ । केही दिनअघि रेसुङ्गा नगरपालिका वडा नं. १२ मा रहेको रानीपोखरी निमाविको भवन निर्माणका विषयमा नेकपा र कांग्रेस कार्यकर्ताबीच विवादका क्रममा नेकपाका कार्यकर्ताले आफ्ना कार्यकर्ता कुटपिट गरेर घाइते बनाएको कांग्रेसको दाबी छ ।



कांग्रेसले आफ्ना कार्यकर्ता कुटपिट गर्नेहरूलाई प्रहरीले पक्राउ नगरेको भन्दै जिल्ला प्रशासन कार्यालय अगाडि विरोध प्रदर्शन गरेको थियो । मंगलबार भएको वार्तामा आफ्ना कार्यकर्ता कुटपिटमा संलग्नलाई कानुन अनुसार कारबाही गर्न गुल्मी प्रशासन सहमत भएपछि नेपाली कांग्रेसले धर्ना कार्यक्रम स्थगित गरेको हो ।

प्रमुख जिल्ला अधिकारी भरतकुमार शर्मा, रेसुङ्गा नगरपालिकाका मेयर डिल्लीराज भुसाल, नेकपा र कांग्रेस नेताबीच भएको छलफलपछि रेसुंगा नगरपालिका वडा नं. १२ स्थित रानीपोखरी निमाविको नियमअनुसार भवन निर्माण सुचारु गर्ने र कुटपिटमा संलग्नलाई कारबाही गर्ने सहमतिपछि धर्ना तथा विरोध कार्यक्रम मंगलबार दिउँसो स्थगित भएको नेपाली कांग्रेस गुल्मीका सचिव खिलध्वज पन्थीले मध्यान्ह राष्ट्रिय दैनिकलाई जानकारी दिए ।

किटानी जाहेरी दिँदापनि प्रहरीले कुटपिटमा संलग्नलाई कारबाही नगरेपछि कांग्रेसले सोमबार जिल्ला प्रशासनमा धर्ना दिएको थियो । धर्नामा प्रहरी र कांग्रेस कार्यकर्ताबीच झडप हुँदा जिल्ला सभापति भुवन श्रेष्ठ, पूर्णबहादुर केसी र प्रहरी घाइते भएका थिए ।

कांग्रेसले मंगलबार पनि तम्घासमा विरोध (याली निकालेर प्रशासन गेटमा धर्ना दिएको थियो । स्कुलको भवन नियम अनुसार निर्माण गर्ने र कांग्रेस कार्यकर्ता कुटपिटमा संलग्न रहेकालाई कारबाही गर्ने सहमतिपछि धर्ना कार्यक्रम स्थगित भएको सचिव पन्थीले बताए ।

कुटिएका दुई जना कार्यकर्ताको उपचार खर्च उपलब्ध गराउने र कांग्रेस कार्यकर्ता कुटेर घाइते बनाउने ७ जनालाई बुधबार नै नियन्त्रणमा लिएर कारबाही गर्न प्रमुख जिल्ला अधिकारी तयार भएपछि विरोध कार्यक्रम स्थगित गरेको पन्थीले जानकारी दिए । प्र जि अ शर्माले नियम अनुसार भवन बन्ने र कुटपिट गर्नेलाई कानुन अनुसार कारवाहीका प्रक्रिया अघि बढाइने बताए । राजनीतिक दलका नेता कार्यकर्ताले न्याय पाउनका लागि आन्दोलन गरे तर एउटा सामान्य नागरिकले न्याय पाउन आन्दोलन सम्भव होला भन्ने प्रश्न कतिपयले उठाएका छन् ।

## चट्याङबाट मृत्यु भएकाको परिवारलाई दुई लाख सहयोग

**लमजुङ/मस–**लमजुङमा चट्याङबाट मृत्यु भएका बैंसीशहर नगरपालिका-६ पुमागाउँका ४२ वर्षीय सन्त विकको परिवारलाई राहतस्वरुप रु.दुई लाख प्रदान गरिएको छ । जिल्ला विपद् व्यवस्थापन समिति लमजुङले राहतस्वरुप रु.दुई लाख मृतकका परिवारलाई मंगलबार सहयोग उपलब्ध गराएको हो । प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्माले मृतक विकको आमा जुठी विकलाई रु.दुई लाख हस्तान्तरण गरे । नेपाल सरकारको नियमानुसार उक्त रकम परिवारलाई मृतक सन्तको काजकिरियाका लागि सहयोग पुग्ने प्रजिअ शर्माले विश्वास व्यक्त गरे । परिवार गुमाउँदा ठूलो चोट पुगे पनि सरकारको राहतले आलो घाउमा मलम लगाउने प्रयास गरेको छ । उक्त समितिले मृतक परिवारलाई मृत्यु भएको २४ घण्टा नपुग्दै उक्त राहत वितरण गरेको छ । मृतक छोरा बुहारी र नातिको काजकिरिया गर्नका लागि केही सहयोग पुग्ने उनको भनाइ छ ।

उक्त समितिले मृत्यु भएको केही घण्टामा नै मृतकका परिवारलाई राहत उपलब्ध गराएको छ । रकम हस्तान्तरण कार्यक्रममा सोही वडाका वडाध्यक्ष भोजबहादुर रिमाल, आफन्त तथा स्थानीयवासीको सहभागिता रहेको थियो । सोमबार साँझ चट्याङबाट घाइते भई जिल्ला सामुदायिक अस्पतालमा उपचारका क्रममा मृतक विकको राति नै मृत्यु भएको थियो ।

मृतकको शवपरीक्षण गरी मंगलबार दाहसंस्कार गरिएको छ । मृतक विकको आमा, श्रीमती, एक छोरा र दुई छोरी छन् । त्यस्तै सोही चट्याङबाट सोही गाउँकी २२ वर्षीय घाइते चिजा गुरुङ जिल्ला सामुदायिक अस्पतालमा उपचारपछि मंगलबार दिउँसो डिस्चार्ज भएकी छन् ।

## सर्वोच्चले भन्यो

# 'कोभिड-१९ को खर्च विवरण तत्काल सार्वजनिक गर'



**काठमाडौं/मस–** सर्वोच्च अदालतले कोरोना भाइरस (कोभिड-१९)को खर्च विवरण तत्काल सार्वजनिक गर्न सरकारका नाममा परमादेश जारी गरेको छ । अधिवक्ताहरु मनिषकुमार श्रेष्ठ, प्रतिभा उप्रेती, सन्तोष भण्डारी र कीर्तिनाथ शर्माले दायर गरेको रिटको सुनुवाइ गर्दै सर्वोच्चले सरकारका नाममा खर्च विवरण सार्वजनिक गर्न परमादेश जारी गरेको हो । सर्वोच्चको परमादेशमा भनिएको छ, 'महामारी वा कुनै दैवीप्रकोप परेको अवस्थामा नागरिकले असल शासन र सरकारी निकायको उत्तरदायित्वका लागि खर्च विवरण सार्वजनिक गर्नु पर्ने दायित्व तीनै तहका सरकारले बहन गर्नुपर्ने हुन्छ । आनन्दमोहन भट्टराई र हरिप्रसाद फुयालको इजलासले जारी गरेको परमादेशमा एकीकृत रुपमा सूचना संकलन गर्ने र सार्वजनिक गर्ने प्रणाली विकास गरी कोही व्यक्तिले सूचना माग्न आएमा कानूनबमोजिमको प्रक्रिया पुऱ्याइ सूचना दिने व्यवस्था गर्न गराउन आग्रह गरिएको छ । संक्रामक रोगको महामारी वा कुनै प्राकृतिक प्रकोप वा विपद् परेको अवस्था वा त्यस्तै प्रकृतिको जटिलता भएको अवस्थामा विस्तृत, वस्तुनिष्ठ र यथार्थपरक सूचनाद्वारा नै विपत्तिसँग जुध्न सकिने कुरालाई मध्यनजर गर्दै कोरोनामा खर्च भएको विवरण सार्वजनिक गर्न परमादेश जारी भएको हो । सरकारले कोरोना रोकथाम तथा व्यवस्थापन कार्यक्रमअन्तर्गत १० अर्ब रकम खर्च भएको भनी संसदमा भनेकाले सो रकम के, कुन शीर्षकअन्तर्गत खर्च गरियो भन्दै नेपालको संविधानबमोजिम सूचना माग्न जाँदा इन्कार गरेकाले रिट दायर गरिएको थियो ।

प्रदेश सरकार
सूदुरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**जिल्ला अस्पताल, बझाङ्ग**

**क्याटलग/ब्रोसर सपिङ बिधिबाट गाडी खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आह्वानको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०७७/०६/०७**

यस कार्यालयको आ.ब.२०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका सवारी साधन सार्बजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ क (८) तथा सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम त्यस्ता सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागि आधिकारिक बिक्रेताहरु मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) बिधिबाट खरिद गर्नु पर्ने भएकोले सार्बजनिक खरिद नियमावली २०६४ नियम १ (ख) उपनियम २ अनूसार देहाय बमोजिम सवारी साधनको उत्पादकको आधिकारिक स्पेसिफिकेसन गूणस्तर र कम्पनीको आधिकारिक मूल्य खल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखि तपशिलमा उल्लेख भए बमोजिम प्रस्ताव दर्ता गराउन हुन सम्बन्धित उत्पादक वा आधिकारिक बिक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. यस कार्यालयबाट स्वीकृत सवारी साधनको प्राबिधिक स्फेसिफिकेसन यस कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिने छ ।
२. उक्त सवारी साधन लिनका लागि ईच्छुक सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागि आधिकारिक बिक्रेताले उक्त सवारी साधन बिक्री गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र, सो को अद्यावधिक नबिकरण भएको पत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.ब.०७६।०७७ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी साधन सप्लाई गरेको हाल सम्मको बिस्तृत बिबरण, सम्बन्धित कार्य अनुभवको प्रमाण पत्र सहितका कागजातहरु सहित यो सूचना प्रकाशित भएको ८औं दिन दिउँसो १२ बजे सम्म यस कार्यालयमा उपस्थित हुनु पर्ने छ ।
३. यो सूचना प्रकाशित भएको मितिले ८औं दिन दिउँसो १२ बजेसम्म यस कार्यालयमा सिलबन्दि प्रस्ताव दर्ता गराउन सकिने छ तथा दर्ता गरिएका सिलबन्दि प्रस्ताव सोहि दिन दिउँसो १४:०० बजे खोलिने छ ।
४. साथै सूचिकृत नभएका उत्पादक तथा आधिकारिक बिक्रेता कम्पनीहरुले सूचिकृत गराई उक्त सिलबन्दि प्रस्ताव पेश गर्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।
५. पेश गर्ने अन्तिम दिन सार्बजनिक बिदा परेमा पछिल्लो कार्यालय खुलेको दिन पेश गर्न सकिने छ ।

| सि.नं. | सवारी साधनको नाम | संक्षिप्त बिबरण | कैफियत |
|---|---|---|---|
| १ | 4WD Double cab Pickup | 4WD Double cab Pickup, 4 wheel drive maximum rated power output not less than 140 HP governed RPM &Min. Torque 320 190 NM | संक्षिप्त बिबरणमा उल्लेख नभएका कुराहरु स्विकृत Technical Specification बमोजिम हुनेछ । |

**जिल्ला अस्पताल, बझाङ्ग**

**खाँदबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खाँदबारी, संखुवासभा**

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०७७/०६/०७ गते)**

यस खाँदबारी नगरपालिकाद्धारा मिति २०७७ भाद्र १२ प्रकाशित सूचना अनुसार म्याद भित्र दर्ता भएका दरभाउपत्रहरु मध्ये आर्थिक प्रस्तावको मूल्यांकन गर्दा तपसिल बमोजिमको दरभाउपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारीस भएकोमा सार्वजनिक खरिद ऐन, २०६३(पहिलो संसोधन, २०७३) को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबुल गरिएको रकम (भ्याट बाहेक) | बोधार्थ |
|---|---|---|---|---|---|
| १ | KMO/SQN/01/077/078 | Procurement of Gabion Tarjali | श्री सुवास स्टोर्स एण्ड सप्लायर्स,सभापोखरी २ | रु. १७,०७,११२.०० (अक्षेरुपी सत्रलाख सात हजार एक सय बाह्र मात्र) | १)श्री श्रृजा इन्टरप्राइजेज एण्ड सप्लायर्स,खा.न.पा.१, सं.स २)श्री भगत निर्माण सेवा प्रा.लि.,खा.न.पा. १, सं.स. |

**प्रमुख प्रशासकीय अधिकृत**
**खाँदबारी नगरपालिका**